PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्यूरो

बबरमहल,काठमाण्डौ

०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-२८

## "कुवेत पठाई दिने भनि श्रीलंका पुऱ्याई मानव बेचबिखन गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ"

पिडीत जाहेरवाला परिवर्तित नाम २६ परिसर (प) लाई मदुला मिया भन्ने मुर्तुजा मिया समेतका प्रतिवादीहरुको मिलोमतोमा कुवेतमा घरेलु काममा लगाई दिने प्रलोभन देखाई भिजिट भिषामा श्रीलंकाको कोलम्बो पुऱ्याई बन्धक बनाई राखेको अवस्थामा नेपाल प्रहरी तथा संघसंस्था समेतको सहयोगमा नेपाल फर्कन सफल भएको मानव बेचबिखन तथा ओसारपसार मुद्दामा वारदात पश्चात फरार प्रतिवादी मुदुला मिया भन्ने मुर्तुजा मियालाई यस ब्युरोबाट खटीएको टोलीले मिति २०८०/११/१५ गते पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट ०७ (सात) दिन म्याद थप गरि आवश्यक अनुसन्धान भईरहेको।

**पक्राउ प्रतिवादी**:-जिल्ला पश्चिम नवलपरासी प्रतापपुर गाउँपालिका वडा नं०४ वतन भएको बर्ष ४७ को मदुला मिया भन्ने मुर्तुजा मिया।

**अभियुक्तको फोटो**



**प्रारम्भिक अनुसन्धानका क्रममा खुल्न आएको विवरण**:-

- घरको आर्थिक अवस्था कमजोर भएकी पिडीतलाई कुवेतमा मासिक ने.रु.२० हजार देखी २२ हजारसम्म तलब पाईने घरेलु काममा लगाई दिने प्रलोभन देखाई मिति २०७३/०२/१५ गते सुनौली हुँदै भारतको नयाँदिल्ली पुऱ्याई त्यहाँ भएको एजेन्टले पिडीतलाई रिसीभ गरी १० दिनको भिजिट भिषामा कोलम्बो पठाएको खुल्न आएको।
- यसरी पठाउँदा प्रतिवादीहरुले श्रीलंकाको कोलम्बोमा बुद्धको दर्शन गर्न जान लागेको भन्नु भनि सिकाएर पठाएको बुझिन आएको।
- श्रीलंकाको कोलम्बो पुगेपछि श्रीलंकन मुलको एजेन्टले पिडीतलाई रिसीभ गरी ठुलो संख्यामा महिलाहरुलाई ६८ दिनसम्म राहदानी लगायतका कागजातहरु जफत गरी बन्धक बनाई राखिएको बुझिन आएको।
- प्रतिवादीहरुले भनेको नमानेमा शारिरीक, मानसिक यातना दिने, कुटपिट गर्ने गरेको खुल्न आएको।
- वारदातपश्चात लुकीछीपी बस्दै आएका मुर्तुजा मिया लाई यस ब्युरोबाट खटीएको टोलीले खोजतलास एवं आवस्यक निग्रानी गर्ने क्रममा काठमाण्डौ स्थित नयाँबसपार्क इलाकाबाट मिती २०८०/११/१५ गते फेला पारी पक्राउ गरिएको।
- उल्लेखित घटनामा संलग्न अन्य अभियुक्तहरुको खोजतलास तथा थप अनुसन्धान जारी रहेको।

**सूचना अधिकारी**
(ज्ञानेन्द्र प्रसाद फुयाल)
प्रहरी उपरीक्षक
सम्पर्क नं.:-९८५१२९२२०२

मितिः-२०८०/११/१७ गते।
ने.सं ११४४ सिल्लागा,५ बिहिबार।